'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Honours 1st Semester Examination, 2022

## GE1-P1-NEPALI

Time Allotted: 2 Hours | Full Marks: 60

*The figures in the margin indicate full marks.*

**The question paper contains GE-1A & GE-1B. The candidates are required to answer any *one* from the *two* courses.**
**Candidates should mention it clearly on the answer book.**

## GE-1A

### नेपाली भाषाको परिचयात्मक अध्ययन

### समूह-क

1. तलका कुनै चारवटा प्रश्नका उत्तर लेख्नुहोस्। 3×4 = 12

(क) सर्वनाम भन्नाले के बुझिन्छ ? यसका कति प्रकार छन् ? के के ?

(ख) लिपि भनेको के हो ? नेपाली भाषा कुन लिपिमा लेखिन्छ ?

(ग) भाषा भन्नाले के बुझिन्छ ? स्पष्ट पार्नुहोस्।

(घ) नेपाली भाषाको सबैभन्दा प्राचीन नमुना कुन हो ? यो कहिले र कहाँ प्राप्त भएको थियो ?

(ङ) वर्ण भन्नाले के बुझिन्छ ? नेपाली भाषामा कतिवटा स्वर वर्ण र व्यञ्जन वर्ण छन् ?

(च) तत्सम शब्द भनेको के हो ? दुईवटा तत्सम शब्दका उदाहरण लेख्नुहोस्।

### समूह-ख

2. तलका कुनै चारवटा प्रश्नका उत्तर लेख्नुहोस्। 6×4 = 24

(क) नाम र नामका प्रकार।

(ख) भाषाका विशेषता।

(ग) विकारी र अविकारी।

(घ) निबन्धका प्रकार।

(ङ) कारक र कारकका प्रकार।

(च) आगन्तुक शब्द।

### समूह-ग

3. तलका कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्। 12×2 = 24

(क) नेपाली भाषाको उत्पत्तिको चर्चा गर्दै नेपाली भाषाको विकासका चरणहरू देखाउनुहोस्।

(ख) नेपाली वाक्यको परिचय गराउँदै यसका प्रकारहरू बारे चर्चा गर्नुहोस्।

(ग) भर्खरै आफ्नो गाउँमा सम्पन्न भएको 'कोभिड भेक्सिनेसन शिविर' बारे एउटा प्रतिवेदन तयार पार्नुहोस्।

(घ) निबन्ध लेख्नुहोस्ः (कुनै एउटा)

(i) अनलाइन शिक्षा प्रणाली।

(ii) लागुपदार्थको रोकथाम।

## GE-1B

## नेपाली साहित्यको परिचय

### समूह-क

1. कुनै चारवटा प्रश्नका उत्तर लेख्नुहोस्। 3×4 = 12

(क) भक्तिकालीन नेपाली कविताका कतिवटा धाराहरू छन् ? के के ?

(ख) पहिलो आधुनिक कथा कुन हो ? यसको प्रकाशन कहिले र कुन पत्रिकामा भएको थियो ?

(ग) 'कथा–कुसुम' कथा सङ्ग्रह कहिले, कहाँबाट र कसको सम्पादनमा प्रकाशित भएको थियो ?

(घ) 'सेतु कवि' भनेर कसलाई चिनिन्छ ? किन ? स्पष्ट पार्नुहोस।

(ङ) भानुभक्त आचार्यका तीनवटा रचनाका नाम लेख्नुहोस्।

(च) प्रथम आधुनिक नेपाली निबन्ध कुन हो ? यसका निबन्धकार को हुन् ? यो कहिले र कुन पत्रिकामा प्रकाशित भएको थियो।

### समूह-ख

2. कुनै चारवटा विषयमाथि टिप्पणी लेख्नुहोस्। 6×4 = 24

(क) आधुनिक नेपाली नाटकका प्रवृत्ति।

(ख) वीरकालीन नेपाली कविता।

(ग) आत्मपरक निबन्ध।

(घ) आधुनिक नेपाली उपन्यास।

(ङ) नेपाली साहित्यमा 'शारदा' पत्रिकाको योगदान।

(च) कवि लेखनाथ पौड्याल।

### समूह-ग

3. कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्। 12×2 = 24

(क) प्राथमिककालीन नेपाली कवितामा देखा परेका विविध प्रवृतिहरूको मूल्याङ्कन गर्नुहोस्।

(ख) नेपाली निबन्ध लेखनको पृष्ठभूमि केलाउँदै आधुनिक नेपाली निबन्धका विशेषता लेख्नुहोस्।

(ग) नेपाली उपन्यासको विकासक्रमको परिचय दिँदै आधुनिक नेपाली उपन्यासमा पाइने मुख्य मुख्य प्रवृत्तिहरूको चर्चा गर्नुहोस्।

(घ) आधुनिक नेपाली कथाका विविध प्रवृत्तिबारे चर्चा गर्नुहोस्।

——×——